नेपाल सरकार

उद्धयोग मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने रकमको जानकारी उपलब्ध गराउने सम्बन्धी

**सूचना !**

**(सूचना प्रकाशन मिति : २०७३/०८/०२ )**

कम्पनी ऐन, २०६३ को दफा १८३ ले ब्यबस्था गरे बमोजिम लगानीकर्ता संरक्षण कोषको स्थापना, ब्यबस्थापन तथा संचालनको लागि "लगानीकर्ता संरक्षण कोष ब्यबस्थापन तथा संचालन कार्यविधि, २०७३" स्वीकृत भै उक्त कोषको स्थापना भैसकेकोले कम्पनी ऐन, २०६३ को दफा १८३ को उपदफा (१) अनुसार कम्पनीको शेयरमा लगानी गर्न प्रवाह भएको रकम फिर्ता लिन ५ बर्ष सम्म कुनै लगानीकर्ताको दाबी प्रस्तुत हुन नआएको रकम तथा सोहि ऐनको दफा १८२ को उपदफा (९) अनुसार लाभांश वितरण गर्ने बिषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले ५ बर्ष सम्म पनि कुनै शेयरधनीले बुझी नलिएको लाभांशको रकम सम्बन्धी जानकारी यो सूचना प्रकाशित भएको एक महिना भित्र कोषको कार्यविधिको दफा ७ को प्रयोजनको लागि कोषको सचिवालय कम्पनी रजिष्ट्रारको कार्यालयमा उपलब्ध गराउनु हुन सम्बन्धीत सबै कम्पनीहरुलाई सुचित गरिन्छ।

लगानीकर्ता संरक्षण कोष

कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौँ ।